# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ (संख्या ३) जेष्ठ २० गते २०८१ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

भाग-२

## एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०१/१६

**प्रस्तावना,**

चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्रका सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा एकल महिलाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सत्तलन गरि परिचालन गर्न बाञ्छनीय भएकाले,

एकल महिला सुरक्षा कोष (सञ्चालन) पहिलो संशोधन नियमावली, २०७० (पहिलो संशोधन, २०७६) को दफा ३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले यो एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०८१ बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "एकल महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कोष भन्नाले यस कार्यविधि बमोजिम स्थापना गरिएको एकल महिला सुरक्षा कोषलाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा कार्यालय" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नौ वटै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(घ) "एकल महिला" भन्नाले आर्थिक दृष्टिकोणले देहाय बमोजिमका महिला सम्झनुपर्दछ :-

(अ) सम्बन्ध विच्छेद गरेकी महिला ,

(आ) विधवा महिला,

(इ) पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला,

(ई) पाच वर्ष भन्दा बढि समयदेखि पति हराइ वा पति वेपत्ता भएकी महिला,

(उ) अंशवण्डा गरि वा मानो छुट्टिइ पति साग अलग बसेकी महिला।





(ङ) "सञ्चालक समिति" भन्नाले यस कार्यविधि बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ।

**३. कोषको उद्देश्य :** यस कार्यविधि बमोजिम स्थापना गरिएको कोषको उद्धेश्य देहाय बमोजिम हुनेछ :-

(क) अति विपन्न र जोखिम अवस्थामा रहेका एकल महिलाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका एकल महिलालाई राहत उपलब्ध गराउने,

(ग) सामाजिक आर्थिक दृष्टिले कमजोर एकल महिलाहरुलाई आवश्यक औषधि उपचार र कानुनी सहायता उपलब्ध गराउने,

(घ) सामाजिक र आर्थिक दृष्टिकोणले अति विपन्न एकल महिलालाई सिप विकासका तालिममा सहभागि गराइ व्यवसायी बनाउन सहयोग गर्ने, आदी।

**४. कोषको स्थापना :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्र रहेका सामाजिक आर्थिक दृष्टिले कमजोर र आपतकालिन अवस्थामा रहेका विपन्न एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धन गर्न एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिको एकल महिला सुरक्षा कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

(क) संघि तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ख) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगरसभाबाट यस कोषमा छुट्याइ जम्मा गर्न पठाएको रकम,

(ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि।

**५. सञ्चालक समितिको गठन :** यस कार्यविधि बमोजिम स्थापना भएको एकल महिला सुरक्षा कोषको सञ्चालन, व्यवस्थापन तथा श्रोतको खोजि गर्न नगरपालिकामा देहाय बमोजिम एक सञ्चालक समिति गठन गरिनेछ :-

| | |
|---|---|
| (क) नगर उप प्रमुख | -अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग)सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (ङ) नगर महिला प्रहरी | -सदस्य |
| (च) एकल महिलाको क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिको अध्यक्षले तोकेको १ जना प्रतिनिधि | -सदस्य |
| (छ) महिला विकाश शाखा प्रमुख | -सदस्य सचिव |

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधि बमोजिम गठित सञ्चालक समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एकल महिलाबाट सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

(ख) कुनै एकल महिला विपन्न तथा जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा नगद वा अन्य सहयोग गर्ने र सोको विवरण अद्यावधिक गर्ने,

(घ) प्रत्येक वर्षमा कार्य प्रगति विवरण नगरपालिकामा पेश गर्ने,

(ङ) वडा कार्यलयको समन्वयमा विपन्न तथा आपतकालिन अवस्थाका एकल महिलाको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

(च) एकल महिला सुरक्षा कोषको रकम दुरुपयोग हुन नदिन आवश्यक कदम चाल्ने,

(छ) एकल महिला सुरक्षा कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(ज) कोषको आय-व्ययको विवरण अद्यावधिक गरि नगरपालिकामा पेश गर्ने,

(झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

(ञ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संघ संस्थासाग आवश्यक समन्वय गर्ने ।

**७. रकम उपलब्ध गराउन सक्ने :** (१) विपन्न एकल महिला जुन आपतकालिन अवस्थामा रहेका र तत्काल उद्धार गर्न, कानूनी उपचार, मनोसामाजिक परामर्श, औषधि उपचार पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा रु. ५०००।- सम्म पछि अनुमोदन हुने गरि अध्यक्षबाट, रु. १५,०००।- सम्म समितिको निर्णबाट र रु. १५,०००। देखि माथि कार्यपालिकाबाट निर्णय बमोजिम रकम पीडित महिलालाई उपलव्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकल महिला पीडितलाई उपलब्ध गराएको रकम सञ्चालक समितिको बैठकबाटे अनुमोदन गराउनु पर्नेछ ।

**८ सञ्चालक समितिले गर्न नहुने कामहरु :** यस कार्यविधि बमोजिम गठित सञ्चालक समितिले देहाय बमोजिमका कामहरु गर्न पाइने छैन :-

(क) कोषको रकम हिना मिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

(ख) आपतकालिन अवस्थाका एकल महिलाहरुको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

(ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ :-

(क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ,

(ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ,

(ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्ने छ,

(घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

(ङ) सञ्चालक समितिको सम्पर्क कार्यालय चामुण्डाबिन्द्रासैनी नगरपालिकाको महिला विकास शाखामा रहने छ ।

**१०. अति विपन्न एकल महिला पहिचान :** यस कार्यविधि बमोजिम सामाजिक तथा आर्थिक दृष्टिले कमजोर विपन्न एकल महिला अन्तर्गत देहायका महिलाहरु पर्नेछन् :-

(क) अति जोखिम अवस्थमा रहेका एकल महिला,

(ख) सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको विपन्न एकल महिला,

(ग) कोही संरक्षक नभएको अति विपन्न एकल महिला ,

(घ) सञ्चालक समितिको निर्णयबाट छनोट भएको आपतकालिन अवस्थामा रहेको एकल महिला ।

**११. निवेदन दिन सक्ने :** यस कार्यविधि बमोजिम अति विपन्न एकल महिलाको उद्धार तथा राहतको लागि आˆनो परिच खुल्ने गरि चामुण्डाबिन्द्रासैनी नगरपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर कार्यपालिका अन्तर्गत महिला विकास शाखा र वडो कार्यलयमा विस्तृत विवरण खुल्नेगरि निवेदन दिन सक्नेछ ।

**१२. खाताको सञ्चालन तथा लेखा परिक्षण :** (१) एकल महिला सुरक्षा कोषको रकम समितिले निर्णय गरि बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा १ बमोजिमको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।






**१३. कोषको रकम फ्रिज नहुने :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१४. कार्यविधिको संशोधन :** यस कार्य विधिमा भएका व्यवस्थाहरुमा आवश्यक संशोधन गर्नुपर्ने भएमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था :** कनै कारण बस एकल महिला सुरक्षा कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिकाको निणर्यले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।



आज्ञाले

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत